# गोदावरी नगरपालिकाको दोश्रो
# नगरसभामा प्रस्तुत बजेट, नीति तथा कार्यक्रम
## आर्थिक वर्ष २०७५/०७६ को बजेट, नीति तथा कार्यक्रम र आय व्यय
## नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूद्वारा मिति २०७५ आषाढ १० गते
## नगरसभा समक्ष प्रस्तुत बजेट, नीति, तथा कार्यक्रम

गोदावरी नगरपालिकाको दोश्रो नगरसभाका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, संघीय तथा प्रदेश माननीयज्यूहरू, अतिथिगण, उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, नगर कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू, नगरपालिका तथा विषयगत शाखाका कर्मचारीहरू, पत्रकार महोदय, यस नगरसभामा उपस्थित सम्पूर्ण महिला तथा सज्जनबृन्दहरूमा गोदावरी नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट ऐतिहासिक दोश्रो नगरसभामा हार्दिक स्वागत गर्दछु । यस गरिमामय नगरसभामा नगरपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को बार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्न गौरवान्वित भएको छु ।

१. संघीय स्वरूपको समावेशी जनप्रतिधिमूलक राज्य प्रणालीको स्थानीय सरकारको रूपमा नगरपालिकाको दोश्रो नगरसभाको यस सुखद् अवसरमा राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय समानता र समृद्धि र राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात् अज्ञात् शहिदहरूप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

२. नेपाल सरकार मन्त्रि परिषद्को मिति २०७३ फागुन २७ को निर्णयानुसार साविकका गोदामचौर, बिशंखुनारायण, गोदावरी, बडिलेख, लेले, देवीचौर, डुकुछाप, छम्पी, चापागाउँ, ठेचो, झरूवारासी र ठैव १२ वटा गा.वि.स.हरू समायोजन भई यस नगरपालिका स्थापना भएको हो । ८५°१५.८'' पूर्वी देशान्तरदेखि ८५°२४.५७'' पूर्वी देशान्तर र २७°३१.४'' उत्तरी अक्षांसदेखि २७°३८.५'' उत्तरी अक्षांससम्म फैलिएको यस नगरपालिकाको क्षेत्रफल ९६.११ वर्ग किलोमिटर रहेको छ । यस नगरपालिकाको पूर्वमा काभ्रे जिल्ला, पश्चिममा काठमाडौंको दक्षिणकाली नगरपालिका र मकवानपुर जिल्ला, उत्तरमा ललितपुर महानगरपालिका र महालक्ष्मी नगरपालिका पर्दछ भने दक्षिण कोन्ज्योसोम र बाग्मती गाउँपालिका पर्दछ । समुद्री सतहबाट ४५७ मिटरदेखि २८३१ मिटरसम्म उच्चाई रहेको यस नगरपालिकामा समशितोष्ण किसिमको हावापानी पाइन्छ ।

३. यस नगरपालिकाको कूल भू-भागमध्ये ४९.२९% कृषियोग्य र ३९.०८% वनक्षेत्रले ओगटेको छ । २०६८ को जनगणना अनुसार ७८३०१ जनसङ्ख्या रहेको छ । हालको नगरप्रोफाइलको अभिलेख अनुसार यस नगरपालिकामा हालको जनसङ्ख्या करिब १ लाख १५ हजार पुगेको आँकडा आएको

छ । यस नगरपालिकामा मुख्य गरी नेवार, तामाङ, मगर, ब्राम्हण, क्षेत्री, पहरी, नगरकोटी, दनुवार र दलितको बसोबास रहेको छ ।

४. यस नगरपालिकालाई “हाम्रो गोदावरी, राम्रो गोदावरी” भन्ने मूल नाराका साथ आगामी आर्थिक वर्षको वार्षिक नगर विकास योजना तथा कार्यक्रमहरूलाई अगाडि बढाउने लक्ष्य राखिएको छ । यस नगरपालिकालाई समृद्ध नगरपालिका बनाउने दीर्घकालीन उद्देश्य अनुरूप नगरपालिकाको आर्थिक, सामाजिक विकासलाई तीव्र गतिमा अगाडि बढाउन आन्तरिक श्रोत परिचालन, नगरवासीको प्रतिव्यक्ति आयमा वृद्धि, आधारभूत स्वास्थ्य-शिक्षाको प्रत्याभूति स्वचछ खानेपानी र सुरक्षित आवास कार्यक्रमलाई प्रस्थान बिन्दु मानिएको छ ।

५. आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकारको नीति तथा कार्यक्रम, बार्षिक बजेट, चालू चौधौं योजना, दिगो विकास लक्ष्य, प्रदेश सरकारको नीति तथा कार्यक्रम, बार्षिक बजेट रसंघीय संसद तथा प्रदेश सभाका माननीय सभासदज्यूहरूले दिनुभएको सुझावलाई मार्गदर्शनकोरूपमा लिइएको छ । विभिन्न राजनीतिक दल, विकास साझेदार संघ संस्था तथा विज्ञहरूबाट प्राप्त रचनात्मक सुझावलाई समेत ध्यान दिइएको छ ।

**आदरणीय विशिष्ट महानुभावहरू,**

अब प्रथम नगरसभाद्वारा स्वीकृत आर्थिक वर्ष २०७४/०७५ समग्र बजेट, योजना, नीति तथा कार्यक्रमको संक्षिप्त समिक्षा प्रस्तुत गर्दछु ।

६. गोदावरी नगरपालिकाको समग्र सामाजिक, आर्थिक, राजनैतिक सवै अवस्थिति समेटिएको नगर प्रोफाइल तयार भएको छ।

७. सार्वजनिक जग्गाहरू, वन, जङ्गल, खोला, खोल्सी, मठ मन्दिर, पोखरीहरूको संरक्षण कार्य प्रारम्भ भएको छ ।

८. नगर यातायात गुरूयोजना (MTMP) अन्तिम रूप तयार भई नगर कार्यपालिकाबाट स्वीकृत भएको छ ।

९. यस नगरपालिकाको चापागाउँ क्षेत्रमा रहेको यातायात सिन्डीकेट अन्त्य गरी चापागाउँ बस, बज्रवाराही यातायात र अन्य यातायात सेवाको शुरूवात भएको छ ।

१०. काठमाडौं रत्नपार्क-गोदावरी सडक रूटमा साझा यातायत बस सेवा सञ्चालन कार्य शुरूवात भएको छ ।

११. नगरपालिका क्षेत्रभित्र खानेपानी समस्या भएका वडाहरूलाई ध्यानमा राखी काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL), र नगरपालिकाको संयुक्त पहलमा वडा नं. १० को मूलडोल, वडा नं. ११ को चारघरे, वडा नं. ९ को छम्पीमा खानेपानी व्यवस्थापन गरिएको छ ।

१२. सिंचाई तथा खानेपानी प्रयोजनका लागि कोनाखोला ड्याम निर्माण सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

१३. 'नगरवासीको पहिलो नारा घर घरमा पानी सहितको धारा' भन्ने कार्यक्रमलाई व्यवहारमा उतारिनेछ ।

१४. कोर बस्ती एवं पुरानो शहरमा २.५ आना भन्दा कम जग्गा भएका भुकम्प प्रभावित क्षेत्रमा नक्सा पास गर्ने नियममा थप सहजीकरण तथा सरलीकरण गरिएको छ ।

१५. पाटन जिल्ला अस्पताललाई स्थानान्तरण गर्दै बज्रवाराही सामुदायिक अस्पतालसँग समायोजन गरी ६ जना चिकित्सक सहित स्वास्थ्य सेवा सुधार गर्ने कार्य भएको छ ।

१६. नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्नका लागि यस नगरपालिकाको केन्द्र तोकिएको वडा नं. ११ स्थित बज्रवाराही माध्यमिक विद्यालयबाट सहमति लिई सो विद्यालयको स्वामित्वमा रहेको करिब ७ रोपनी क्षेत्रफलको बज्रवाराही मन्दिर अगाडि जग्गामा करिब २७ करोड लागतमा भवन निर्माण गर्ने कार्यको टेण्डर प्रक्रिया शुरूवात भएको छ ।

१७. नगरवासीको जनसहभागिता अन्तर्गत ५०/५० प्रतिशत लागत सहभागिता मार्फत विकास निर्माण कार्य थालनी गरिएको छ ।

१८. नेपाल सरकारबाट समेत सहुलियत प्राप्त हुने दीर्घ एवं गम्भिर प्रकृतिका रोग (मुटु, मृगौला, क्यान्सर आदि)का स्थानीय नगरवासी बिरामीलाई प्रति बिरामी एकमुष्ट रू.२५,०००/- का दरले ४५ जनालाई कूल रू.११,२५,०००/- आर्थिक सहयोग वितरण गरिएको छ ।

१९. लक्षित समूह अन्तर्गत युवा, महिला, दलित, आदिवासी जनजातिहरूको उद्यमशील र रोजगारी सृजना हुने कार्यक्रम भएको छ ।

२०. नेपाल सरकारको मापदण्ड बमोजिम सडक बिस्तार अन्तर्गत सातदोबाटो-चापागाउँ मुख्य सडक खण्डका संरचनाहरू हटाई सडक बिस्तारको कार्य थालनी भएको छ ।

२१. गोदावरी नगरपालिका वडा नं. १० स्थित चापागाउँ टाखेलमा गोदावरी बहुउद्देश्यीय रङ्गशाला निर्माण शुरूवात भएको छ ।

२२. वडा नं. ७ स्थित देवीचौरमा भ्यू टावर निर्माण कार्य प्रारम्भ भएको छ । साथै सो क्षेत्रमा पर्यटकीय स्थल बनाउन निजी क्षेत्रलाई आह्वान गरिएको छ ।

२३. यस नगरपालिकाको वडा नं. ४ बडिखेल र वडा नं. १३ भरूवारासी, र वडा नं. १४ ठैबमा वडा कार्यालय भवन  निर्माण भइरहेको छ भने वडा नं ११ कुश्लेचौर स्थित वडा कार्यालय भवन पुनःनिर्माण तथा मर्मत सम्भार कार्य भइरहेको छ ।

२४. चालू आर्थिक वर्षमा नगरक्षेत्रको बज्रवाराही र टीकाभैरवक्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

२५. नगरपालिका क्षेत्र भित्रबाट निकासी हुने ढुङ्गा, गिटी, बालुवा आदिमा निकासी कर लगाउन आर्थिक वर्ष २०७५/०७६ को लागि न्यूननम ५ करोड १० लाख कबोल अङ्कमा ठेक्का प्रणाली बोलपत्र आह्वान गरिएको छ ।

२६. नगरक्षेत्र भित्रका पानीजन्य उद्योगलाई नगरको आम्दानीको श्रोत बढाउन आर्थिक वर्ष २०७५/०७६ को लागि सेवा शुल्क बापत न्यूनतम ४० लाख (ठूला तथा साना ट्याङ्कर) कबोल अङ्कमा ठेक्का प्रणाली बोलपत्र आह्वान गरिएको छ ।

२७. नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न जात-जातिको घाटहरूलाई व्यवस्थित गरिएको छ ।

२८. चालू आर्थिक वर्षमा करिब २ किलोमिटर सडक पिच एवं ढलान गरिएको छ । साथै ५ किलोमिटर ग्रावेल सडक निर्माण भएको छ भने ५ किलोमिटर नयाँ ट्र्याक सडक खोलिएको छ ।

२९. चालू आर्थिक वर्षमा करिब एक दर्जन ऐन, नियमावली, कार्यविधि, निर्देशिका र आचार संहतिाहरूको निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गरिएको छ ।

३०. नगरपालिकाको समग्र आन्तरिक श्रोत परिचालन गर्न नगर राजश्व सुधार कार्ययोजना, तर्जुमा गरी सम्पत्तिकर, मालपोत (भूमिकर) सहितका अन्य राजश्व तथा करका दर तथा दायराहरू पहिचान गरिएको छ ।

३१. गोदावरी नगरपालिका वडा नं. ९ छम्पीमा सार्वजनिक निजी साझेदारी पद्धतिमा नेशनल क्यान्सर अस्पताल एण्ड रिसर्च सेन्टर प्रा.लि.लाई अस्पताल निर्माण गर्न र नेपाल आर्ट भिलेजलाई संसारको सबैभन्दा अग्लो भैरवको धातुको मूर्ति सहितको प्रकृतिजन्य सङ्ग्रहालय निर्माण गर्न सार्वजनिक जग्गा पहिचान गरी उपलब्ध गराउने कार्य गरिएको छ । त्यसैगरी वडा नं. ५ स्थित लेले मनकामना लामाचौरमा राइज एग्रो इल्ड ग्रुप प्रा.लि (कृषि उत्पादन अभिवृद्धि समूह)लाई आधुनिक एवं व्यवसायिक कृषिका लागि आवश्यक जग्गा लिजमा उपलब्ध गराउने निर्णय भएको छ ।

३२. कृषि उपज संरक्षण तथा भण्डारणका लागि वडा नं ५ लेलेमा आधुनिक चिस्यान केन्द्र (ColdStore) निर्माण कार्य शुरूवात भएको छ ।

३३. नगरपालिकाको राजश्व अभिवृद्धिका लागि करको दायरामा आई सवैभन्दा बढी राजश्वमा योगदान गर्ने नगरक्षेत्रका उत्कृष्ट करदाता तथा नगरपालिकाका कर्मचारीहरूलाई सम्मान गरिएको छ ।

३४. बालमैत्री नगरपालिका बनाउन बाल क्लब र बाल सञ्जाल निर्माण गरी आधार तयार गरिएको छ ।

३५. नगरपालिकाको विकास र सेवालाई विद्युतीय शासन (Smart E Service)मार्फत सुदृढिकरण गर्न आवश्यक पूर्वाधारहरूको व्यवस्था गरिएको छ ।

३६. यर नगरपालिकामा संविधानले व्यवस्था गरे बमोजिम न्यायिक समिति गठन भई कार्य प्रारम्भ भएको छ । हालसम्म ७६ वटा उजुरीहरूको सुनुवाई भएको अभिलेख छ ।

३७. विकास साझेदार निकाय एवं गैर सरकारी संस्थाहरूको अनुगमन मूल्याङ्कन गर्न समिति गठन भई अनुगमन मूल्याङ्कनको कार्य प्रारम्भ भएको छ ।

३८. भौतिक पूर्वाधार तर्फ ठूला योजनाहरूको अनुगमन मूल्याङ्कन गरी सोको आधारमा भुक्तानी दिने प्रणालीको विकास गरिएको छ ।

३९. जेष्ठ नागरिकहरूको जीवन यापनलाई सहज बनाउन वडा नं. १३ र १४ मा लागत सहभागितामा जेष्ठ नागरिक दिवासेवा केन्द्र भवनको निर्माण कार्य गरिएको छ ।

४०. यस नगरपालिकाको वडा नं. ११ मा 'योग शिविर भवन' निर्माण प्रारम्भ भएको छ ।

४१. यस आर्थिक वर्षमा भू-कम्पबाट प्रभावित आवास पुनःनिर्माण तर्फ पहिलो किस्ता बापत ७१२५ लाभग्राही घर परिवारले रू.३५ करोड ६२ लाख ५० हजार, दोश्रो किस्ता बापत ७८२ घर परिवारले रू. ११ करोड ७३ लाख र तेश्रो किस्ता बापत ४५७ घर परिवारले रू.४ करोड ५७ लाख अनुदान रकम भुक्तानी गरिएको छ ।

**आदरणीय विशिष्ट महानुभावहरू,**

अब म यस सम्मानित सभा समक्ष गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को बार्षिक नीति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

४२. सम्पूर्ण नगरवासीहरूलाई सहज र सुलभ यातायात सेवा पुर्‍याउने नीति लिइनेछ । यसका लागि आगामी आर्थिक वर्षभित्र नगरक्षेत्रभित्र सडकहरूमध्ये ५ किलोमिटर सडक कालोपत्रे गरिनेछ र न्यूनतम १५ किलोमिटर सडक स्तरोन्नति गरिनेछ । यस वर्षदेखि शुरू गरिएको रत्नपार्क-गोदावरी साझा यातायात बस सेवालाई निरन्तरता दिई अन्य रत्नपार्क-चापागाउँ-टिकाभैरव लेले सहितका सम्भावित सडक रूटमा बस सेवा सञ्चालन गर्न पहल गरिनेछ ।

४३. हाल नेपाल सरकारले शुरू गरेको सडक बिस्तार कार्यक्रमलाई तिव्रता दिइनेछ । यस सडक विस्तर अभियानमा सडक मापदण्ड बमोजिम सडकको क्षेत्रभित्रघर रहेका नगरवासीहरूले आफ्नो टहरा

लगायतको संरचना हटाईसहयोग गरेमा त्यस्ता नगरवासीलाई नयाँ घर बनाउन घर नक्सापासमा ७५% राजश्व छुट गरिनेछ र घर नक्सापास स्वीकृति नलिई बनेका घरहरूको हकमा अभिलेखिकरण प्रक्रियामा समेत७५% राजश्व छुट दिइने नीति लिइनेछ ।

४४. गोदावरी नगरपालिका साँस्कृतिक निधीले सम्पन्न नगरपालिकामा पर्दछ । यस नगरपालिका क्षेत्रमा प्रचलनमा रहेका साँस्कृतिक बाजाहरूको संरक्षण तथा बाजा प्रतियोगिता आयोजना गरिनेछ ।

४५. नगरपालिका क्षेत्रभित्रका महिलाहरूले मनाउँदै आएको तीज पर्वलाई 'बृहत तीज प्रतियोगिता'का रूपमा यस आगामी वर्ष निरन्तरता दिइनेछ ।

४६. स्थानीय भाषा, साहित्य कला, संस्कृति र मातृभाषाहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. गोदावरी नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण सहकारी तथा वित्तिय संस्थाहरूलाई सामाजिक उत्तरदायित्व अन्तर्गत मठ मन्दिर, सडक चोक, पोखरी संरक्षण र सम्वर्द्धन गर्न नगरपालिकाको तर्फबाट आह्वान गरिनेछ ।

४८. बालबालिकाहरूलाई बाल संरक्षण, बाल बचाउ, बाल विकास सहितका सवै अधिकारहरू प्रत्याभूत गर्दै आगामी वर्ष यस नगरपालिकालाई 'बालमैत्री नगरपालिका' घोषणा गर्ने र यसका लागि एकीकृत कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४९. नगरपालिकाभित्र अपाङ्ग मैत्री, विपन्न न्यूनिकरण, सिमान्तकृत तथा दलित उत्थानका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

५०. यस नगरपालिकालाई 'योग नगरपालिका'का रूपमा विकास गर्न पर्याप्त कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५१. नगरवासीको आधारभुत स्वास्थ्य सुविधा सुनिश्चितता गर्न 'एकीकृत गोदावरी स्वास्थ्य विमा कार्यक्रम' सञ्चालन गरिनेछ ।

५२. स्वास्थ्य घुम्ती सेवा सञ्चालन गरिनेछ भने चालू आर्थिक वर्षदेखि सञ्चालनमा रहेको 'विपन्न उपचार कोष'लाई कार्यविधि बनाएर आगामी वर्ष पनि निरन्तरता दिइनेछ । दीर्घ सेवा गरेका तथा उमेर हद पुगेका महिला स्वयं सेविकाहरूलाई एकमुष्ट प्रतिव्यक्ति रू.२०,०००/- आर्थिक प्याकेज सहितको स्वेच्छिक अवकास योजना सञ्चालन गरिनेछ । हाल नगरपालिकामा सेवारत महिला स्वस्थ्य स्वयं सेविकाहरूलाई साविकमा मासिक प्रोत्साहन भत्ताको रूपमा प्रदान गरिंदै आएको रू.५००/- मा आगामी आर्थिकम वर्ष २०७५/०७६ देखि रू.२००/- थप गरी मासिक रू.७००/- का दरले प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।

५३. सिङ्गो नगरपालिकाको सम्भावना र अवसरलाई दृष्टिगत गरी दीर्घकालीन सोच सहितको 'गोदावरी नगर विकास गुरूयोजना' तयार गरी कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

५४. नगरपालिकाको आर्थिक वृद्धि दर र प्रतिव्यक्ति आय बढाउन बाह्य र आन्तरिक लगानी र प्रविधिको प्रवर्द्धन गर्न आवश्यक पहल कदमी र नीतिहरू अख्तियार गरिनेछ ।

५५. यस नगरपालिकाको पर्यटनको सम्भावनालाई अध्ययन गरी पर्यटकीय स्थलहरूको पहिचान सहित पर्यटन विकासका योजना तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै 'देवीचौर भ्यू टावर' निर्माणलाई निरन्तरता दिई अन्य भ्यू टावरहरूको सम्भाव्यता अध्ययन गरिनेछ ।

५६. यस नगरक्षेत्रमा भएका धार्मिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गर्दै धार्मिक पर्यटनलाई विकास गरिनेछ । नगरक्षेत्रका बज्रवाराही, श्वेतवाराही, सन्तानेश्वर महादेव, लेले मनकामना, टीकाभैरव, बिशंखुनारायण, नवदुर्गा लगायत मुख्य धार्मिक मठ मन्दिरको संरक्षण तथा विकासलाई निरन्तरता दिइनेछ ।

५७. नगरपालिका भित्रका सम्पूर्ण बालबालिकाहरूलाई आधारभुत र माध्यमिक शिक्षासम्मको पहुँच सर्वसुलभ बनाउँदै जाने लिइएको छ । साथै सामुदायिक विद्यालयहरूको स्वर्ण जयन्ती कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट उपलब्ध गराइनेछ ।

५८. नगरपालिका क्षेत्रमा उच्च शिक्षाका लागि सञ्चालित जनभावना क्याम्पस, फुल्चोकी क्याम्पस, बज्रवाराही क्याम्पस र किटिनी क्याम्पसको शैक्षिक विकासका लागि साविकमा प्रदान गर्दै आएको शैक्षिक अनुदानमा आगामी वर्ष रू.२ लाख थप गरी रू.७ लाखका दरले शैक्षिक अनुदान दिइनेछ ।

५९. नगरक्षेत्र भित्रका प्रमुख व्यापारिक केन्द्रहरूमा आधारभुत शहरी पूर्वाधारको विकास गरिनेछ । उक्त केन्द्रहरूमा ढल व्यवस्थापन तथा आधुनिक सार्वजनिक शौचालयहरू समेत निर्माण गरी सञ्चालमा ल्याइनेछ । त्यसैगरी हाट बजारको सम्भावना भएको क्षेत्र पहिचान गरी हाट बजार व्यवस्थापन गर्ने नीति लिइनेछ ।

६०. नगरको बजेटमा समावेश नभएका योजना कार्यक्रमलाई नगरवासीको मागलाई ध्यानमा राखी संघ/प्रदेश सरकारको योजनामा समावेश गर्न आग्रह गरिनेछ ।

६१. यस नगरपालिकाको वडा नं. ७ देवीचौर लगायत अन्य वडाहरूमा नापी छुट भएको जग्गाहरूको पुनः नापी गर्न आवश्यक पहल गरिनेछ ।

६२. नगरक्षेत्रभित्र सिंचाई सुविधाका लागि राजकुलो मर्मत र सम्भार गरी सञ्चालन गरिनेछ ।

६३. यस नगरपालिकामा खेलकुद क्षेत्रलाई प्रवर्द्धन गर्न 'बहुउद्देश्यीय गोदावरी रङ्गशाला' निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

६४. नगरवासीलाई स्वच्छ पिउने पानीको सुनिश्चिता गर्न आगामी वर्ष डुकुछाप र बिशंखुनायारण क्षेत्रलाई प्राथमिकता दिई डिप ट्यूवेल निर्माण योजना सञ्चालन गरिनेछ ।

६५. यस नगरपालिकाको वडा नं. ५ लेलेमा निर्माणाधिन चिस्यान केन्द्रलाई निरन्तरता दिइनेछ ।

६६. आगामी वर्ष नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न आवश्यक बजेट विनियोजन गरी निर्माण कार्यलाई विशेष जोड दिई पर्याप्त बजेट विनियोजन गरिएको छ । त्यसैगरी प्राथमिकताका आधारमा वडा कार्यालयहरू निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

६७. नगरपालिका क्षेत्र भित्र हरियाली प्रवर्द्धन गर्न र वातावरण संरक्षण गर्न सरोकारवाला निकायसँग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. आगामी आर्थिक वर्ष गोदावरी नगरपालिकाका ढुङ्गा, गिट्टी, स्लेट, मार्बल, बालुवा खानी तथा क्रसर र फिरफिरे उद्योग सञ्चालन क्षेत्रको सम्भाव्यता अध्ययन गरिनेछ । साथै गैर कानूनी रूपमा सञ्चालनमा रहेका खानी, क्रसर, फिरफिरे उद्योग व्यसाय बन्द गरिनेछ ।

६९. यस नगरपालिकालाई चालू आर्थिक वर्षमा खुल्ला दिसामुक्त नगरपालिका घोषणा भइसकेको सन्दर्भमा आफ्नो शहर आफैं सफा गरौं मान्यताका साथ पूर्ण सरसफाई कार्यक्रम सञ्चालन गर्न आगामी वर्ष 'गोदावरी वर्ष सरसफाई अभियान' सञ्चालन गरिनेछ । साथै गोदावरी, कोड्कु, कर्मनाशा र नख्खुखोलामा नियमित सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ ।

७०. भू-कम्पबाट क्षतिग्रस्त सार्वजनिक सम्पत्ति, सम्पदा, मठ-मन्दिर मूर्तिलाई व्यवस्थित गरी गोदावरी सङ्ग्रहालय निर्माण गर्न सम्भाव्यता अध्ययन र स्थानको खोजी कार्य शुरू भएको छ ।

७१. यस नगरपालिकालाई Smart City का रूपमा विकास गर्ने लक्ष्यका साथ कार्यक्रम तथा योजना कार्यान्वियन गरिनेछ । साथै नगरको भौगोलिक अवस्थालाई मध्यनजर गरी जग्गाहरुको वर्गकरण सहित जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गरिनेछ ।

७२. 'स्थानीय कर, स्थानीय विकासको आधार' भन्ने मान्यताका साथ नगरक्षेत्रमा करका नयाँ क्षेत्रको पहिचान, करको दायरा विस्तार गरी करका दरको पुनरावलोकन गरी करदाता मैत्री नगरपालिकाको रूपमा स्थापित गरिनेछ ।

७३. आर्थिक वर्ष २०७५/०७६ को लागि नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो ले चर्चेको जग्गामा सम्पत्तिकर र बाँकी जग्गामा भूमिकर (मालपोत) लगाउने नीति लिइनेछ ।

७४. खानी, ढुङ्गा, गिट्टी, क्रसर, बालुवा, माटो, इट्टा, पानीजन्य उद्योग आदिलाई निकासी कर, शुल्क, वातावरण प्रदुषण नियन्त्रण शुल्क, व्यवसायिक दर्ता नविकरण तथा पूर्वाधार उद्योग शुल्क लिने नीति लिइनेछ ।

७५. परापूर्व कालदेखि विर्ता जग्गामा बसी आएका जोताह निस्सा भएका किसानहरूको नाममा जग्गा प्राप्तिको लागि पहल गरिनेछ ।

७६. 'जमिनको आम्दानी जमिनमा नै लगानी' भन्ने मान्यतालाई आत्मसाथ गर्दै मालपोत (भूमिकर) बाट प्राप्त आम्दानीलाई कृषि क्षेत्रमा लगानी गरिनेछ ।

७७. यस नगरपालिकामा खेलकुद क्षेत्रको विकासलाई टेवा पुऱ्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।

७८. नगरभित्रको साँस्कृतिक सम्पदालाई संरक्षण र संवृद्धिको लागि विशेष योजना लागू गरिनेछ ।

७९. आगामी आर्थिक वर्षमा 'टोल विकासमा जनताको हात त्यसमा नगरको साथ' भन्ने उक्तिलाई मनन् गर्दै उत्कृष्ट उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ ।

८०. नगरक्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूको व्यवस्थापन र नतिजालाई मूल्याङ्कन गरी उत्कृष्ट पूर्व प्राथमिक, आधारभुत र माध्यमिक विद्यालयहरूलाई वार्षिक रूपमा पुरस्कृत गरिनेछ ।

८१. जेष्ठ नागरिक दिवासेवा केन्द्र सञ्चालनलाई आगामी वर्ष समेत बजेटको व्यवस्था मिलाइएको छ ।

८२. सार्वजनिक जग्गा संरक्षण गरी खुल्ला स्थानहरूमा पार्क, उद्यानहरूको निर्माण गरिनेछ ।

८३. साविक पुरानो चापागाउँ शहरलाई साँस्कृतिक, पुरातात्विक शहरका रूपमा विकास गरिनेछ । यसका लागि आवश्यक पूर्वाधार सहितको योजना तयार गर्न अध्ययन कार्यदल गठन गरिनेछ ।

८४. यस नगरपालिकाको गोदावरीदेखि फुल्चोकीसम्म केवलकार सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

८५. आगामी वर्ष यस नगरपालिकाभित्र चिडियाखाना स्थापनाका लागि स्थान पहिचान गरिनेछ ।

८६. नगरपालिकाक्षेत्रमा उपयुक्त स्थानको पहिचान गरी आधुनिक पशु बधशालाहरूको व्यवस्था गर्न पहल गरिनेछ ।

८७. कृषि क्षेत्रको लगानीलाई नतिजामूलक बनाउन तरकारी खेतीका लागि लेले, पुष्प खेतीका लागि गोदावरी, च्याउ खेतीका लागि चापागाउँ र गोलभेंडाका डुकुछाप लगायत क्षेत्रलाई कृषि पकेट क्षेत्रका रूपमा विकास गरिनेछ । यसका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

८८. सामुदायिक वनहरुलाई स्थानीयको आय-आर्जन बढाउनको एग्रो फरेष्ट नीति लिइनेछ ।

८९. नगरभित्र पानी संरक्षण र रिचार्ज गर्ने नीति लिइनेछ ।

९०. भवन निर्माण आचार संहिता, भवन निर्माण तथा बस्ती विकास मापदण्ड भित्र रहेका नक्सा पास भएका तर निर्माण सम्पन्न नलिएका भवनहरुको संरचना १५% सम्म थप-घट गर्नु परेमा निर्माण सम्पन्नमा सरलीकरण गरिनेछ ।

९१. जग्गा बाँझो राख्ने कार्यलाई निरुत्साइत गर्दै बाँझो जग्गा राखेमा थप कर लिने नीति लिइनेछ ।

९२. वडामा नक्सा पास गर्नको लागि एक कार्यदल गठन गरी अध्ययन गरिनेछ ।

९३. भू-कम्प पीडित घरधनीलाई घर निर्माण गर्न सहजीकरण र नक्सापासमा दिँदै आएको कर छुटलाई निरन्तरता दिइनेछ ।

९४. पानी ट्याङ्करहरुलाई पानी भर्दा सार्वजनिक स्थलबाट कम्तीमा २५ मिटरभन्दा टाढा राखी वितरण भर्ने नीति लिइनेछ ।

९४. पुरातात्विक शैलीमा घर निर्माण गरेमा विशेष सहुलियत दिइनेछ ।

९५. गोदावरी नगरपालिकाको न्यायिक समितिमा नगरवासीको पहुँच स्थापित गर्दै स्थानीय विवादहरूलाई मेलमिलापकर्ता एवं मध्यस्थकर्ता मार्फत समाधान गर्न सहजिकरण गरिनेछ । आगामी वर्ष न्यायिक समिति (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि स्वीकृत गरी न्यायिक समितिको संयोजक तथा सदस्यहरू र संबद्ध कर्मचारीहरूको क्षमता विकास गरिनेछ ।

९६. नगरपालिकाको विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गराई कार्यान्वयनमा लैजाने नीति लिइने छ । साथै नगरक्षेत्रको नक्सांकन (Open Street Mapping) को सहायताले जोखिम र सुरक्षित स्थानको पहिचान गरी  कार्यान्वयनमा लैजाने नीति लिइने छ ।

९७. नगरपालिकाबाट सञ्चालन हुने ठूला योजनाहरुबाट वातावरणमा पर्न सक्ने असरहरुलाई कम गर्न IEE/EIAअध्ययन गर्ने नीति अबलम्बन गरिने छ ।

९८. छाडा चौपाय नियन्त्रण तथा व्वस्थापनको लागि उपयुक्त स्थानमा कान्जि हाउसको व्यवस्था गरिने छ ।

९९. वातावरण, सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम, 3R Concept बाट कम्पोष्ट मल तथा नकुहिने फोहोर व्यवस्थापन सम्बन्धी तालिम, गोष्ठी, जनचेतनामूलक कार्यक्रममा जोड दिने नीति लिइने छ ।

१००. गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वियन, नियमन र अध्ययन अनुसन्धान गरी गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गरिनेछ ।

१०१. महिला तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा, शोषण, विभेद र वहिष्करण विरुद्ध शुन्य सहनशिलता नीति अवलम्बन गर्नुका साथै हिंसा पीडितको न्यायमा पहुँच स्थापनाका लागि महिला तथा बालबालिका कोष स्थापना गरी सञ्चालन गरिनेछ ।

१०२. अपाङ्गता परिचय पत्र वितरणको लागि समिति गठन तथा घुम्ती शिविर सञ्चालनका कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ  ।

१०३. सहकारी ऐन, २०७५, जारी गरी सोही बमोजिम सहकारी संस्थाहरुको दर्ता, नियमन र प्रवर्द्धन एवं प्रशिक्षणका कार्यहरु समेत गरिनेछ ।

१०४. जलवायु परिवर्तन, रासायनिक बिषादीको प्रयोगबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री प्राङ्गारिक कृषि प्रविधिको विकास र विस्तार गरिनेछ ।

१०५. गोदावरी नगरपालिकाक्षेत्रमा खोला खोल्सीको मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । साथै यस क्षेत्रमा प्लटिङ्ग व्यवस्थापनका लागि आवश्यक मापदण्ड लागू गरिनेछ ।

**आदरणीय विशिष्ट महानुभावहरू,**

अब म यस सम्मानित सभा समक्ष यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ को बार्षिक बजेटको मुख्य उद्देश्य तथा प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु ।

**बजेटका मुख्य उद्देश्यहरू**

१०६. नगरवासीको आधारभूत स्वास्थ्य र शिक्षाको प्रत्याभूति गर्ने ।

१०७. नगरपालिकाक्षेत्रमा आधारभूत शहरी पूर्वाधारहरू विकास गरी सम्मुन्नत नगर विकास गर्ने ।

१०८. नगरक्षेत्रमा आन्तरिक साधन श्रोत, अवसर र क्षमताको उच्चतम उपयोग गरी आर्थिक विकास गर्ने ।

१०९. नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाई नगरमा सुशासन प्रवर्द्धन गर्ने ।

११०. भू-कम्पबाट क्षतिग्रस्त संरचनाहरूको सुरक्षित पुनर्निर्माण गर्ने ।

**बजेट आय व्यय विवरण**

आर्थिक वर्ष २०७४/७५ को जेष्ठ मसान्तसम्म कूल खर्चको चालू तर्फ रू.३३,५३,०९,४१३.७०/- (अक्षरूपी तेत्तीस करोड त्रिपन्न लाख नौ हजार चारसय तेह्र मात्र) मध्ये (ससर्त अनुदान तर्फ शिक्षा, स्वास्थ्य तर्पको तलब पाठ्यपुस्तक, छात्रवृत्ति र कार्यक्रम समेत जम्मा खर्च रू.२१,७९,४७,४५५.७९/- (अक्षरूपी एककाइस करोड उनान्असी लाख सडचालीस हजार चारसय पचपन्न), जेष्ठ नागरिक दीर्घ सेवा सम्मान ( सामाजिक सुरक्षा भत्ता) रू.५,८१,१२,०००/- (अक्षरूपी पाँच करोड एकासी लाख बाह्र हजार मात्र), स्थानीय शासन सामुदायिक विकास कार्यक्रम (सामाजिक परिचालक तलब) रू.८,०२,०००/- (अक्षरूपी आठ लाख दुई हजार मात्र), वित्तिय समानिकरण तर्फ रू.३,०२,७८,९५८.३१/- (अक्षरूपी तीन करोड दुई लाख अठहत्तर हजार नौ सय अन्ठाउन्न मात्र), चालू खर्च आन्तरिक रू.२,८१,६८,९९९.६०/- (अक्षरूपी दुई करोड एकासी लाख अडसट्ठी हजार नौ सय उनान्सय मात्र) र पूँजीगत खर्च तर्फ रू.८,६०,५२,८०८.८१/- (अक्षरूपी आठ करोड साठी लाख बाउन्न हजार आठ सय आठ मात्र) गरी जम्मा खर्च **रू.४२,१३,६२,२२२.५१/- (अक्षरूपी बयालीस करोड तेह्र लाख बैसठी हजार दुई सय बाइस मात्र)** खर्च भएको व्यहोरा जानकारी गराउन चाहन्छु । त्यसैगरी आथिर्क वर्ष २०७५/०७६ को लागि अनुमानित आय विवरण निन्नानुसार रहेको छ ।

संघीय सरकार - रू.५८,८७,१५,०००/-

प्रदेश सरकार - रू.३,००,००,०००/-

जिल्ला समन्वय समितिबाट - रू.५,००,००,०००/-

आन्तरिक आय - रू.११,००,००,०००/-

सडक बोर्ड नेपाल - रू.३५,००,०००/-

**कूल जम्मा ७८,२२,१५,०००/- (अठहत्तर करोड बाइस लाख पन्ध्र हजार)**

त्यसैगरी आथिर्क वर्ष २०७५/०७६ को लागि अनुमानित व्यव विवरण निन्नानुसार रहेको छ । यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ को प्रमुख प्राथमिकता प्राप्त बजेट, योजना तथा कार्यक्रमप्रस्तुत गर्न चाहन्छु ।

क) **नगरस्तरीय बजेट, योजना तथा कार्यक्रम**

| क्र.सं. | नगरस्तरीय योजना विवरण | विनियोजित रकम |
|---|---|---|
| १ | सडक मर्मत एवं स्तरोन्नति (८ मिटर सडक) MTMP ले निर्धारण गरेका | ३०००००० |
| २ | बहुउद्देशीय रङ्गशाला निर्माण योजना वडा नं. १० | १०००००० |
| ३ | देवीचौर भ्यू टावर वडा नं. ७ | १०००००० |
| ४ | गोदावरीकुण्ड/लामकुण्ड निर्माण | १०००००० |
| ५ | ट्यूब ट्यूवेल (डुकुछाप, विशंखुनारायण, टिकाभैरव, ठेचो) | १५००००० |
| ६ | नगरपालिका प्रशासकीय भवन निर्माण | ५०००००० |
| ७ | ढल एवं फोहर व्यवस्थापन | ५००००० |
| ८ | चिस्यान केन्द्र निर्माण वडा नं. ५ | ५००००० |
| ९ | वडा कार्यालय भवन निर्माण | १०००००० |
| १० | स्वास्थ्य (डाक्टर, स्वयं सेविका र औषधि खरिद) | ५००००० |
| ११ | नगर यातायात (साझा बस) | २५००००० |
| १२ | गोदावरी बसपार्क निर्माण | २५००००० |
| १३ | ऐतिहासिक धार्मिक मठ मन्दिर संरक्षण (प्रत्येकलाई १० लाखका दरले) | १०००००० |
| १४ | सडक बत्ती बिस्तार | २५००००० |
| १५ | नगरक्षेत्रका कलेजलाई अनुदान | २८००००० |
| १६ | गोदावरी प्राविधिक शिक्षालय स्थापना | १०००००० |
| १७ | सार्वजनिक शौचालय निर्माण | २५००००० |
| १८ | राजकुलो मर्मत तथा सम्भार | २००००० |
| १९ | समपूरक (म्याचिङ्ग) कोष | ३०००००० |
| २० | विपद् व्यवस्थापन कोष | १०००००० |
| २१ | मर्मत सम्भार कोष | १०००००० |
| २२ | स्वास्थ्य विमा कार्यक्रम | २५००००० |
| जम्मा | | २३७३००००० |

**कूल बजेट रू.२३ करोड ७३ लाख मात्र ।**

ख)	**लक्षित समूह सम्बन्धी बजेट, योजना तथा कार्यक्रम**

| क्र.सं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|
| २ | बालमैत्री कार्यक्रम घोषणा, नगरस्तरीय बाल सञ्जाल तथा बाल क्वल सञ्चालन/व्यवस्थापन | १०००००० |
| ३ | महिला जनप्रतिनिधिहरूको क्षमता विकास कार्यक्रम | १०००००० |
| ४ | महिला लक्षित कार्यक्रम तथा रोजगारमूलक (ड्राइभिङ्ग, हाउस वायरिङ्ग, क्षमता विकास मन्टेश्वरी लगायतका CTEVT बाट तालिम तथा कार्यक्रम) | ५०००००० |
| ५ | जेष्ठ नागरिक भवन निरन्तरता साथै नयाँ भवन निर्माण कार्य | ५०००००० |
| ६ | नगरक्षेत्र भित्रका पोखरी संरक्षण तथा नगर उद्यान पार्क निमाण | ३५००००० |
| ७ | नगरक्षेत्र भरिका विद्यालय मध्ये ४ वटा छनौट गरी अतिरिक्त कक्षा संचालन (Woman Self Defence Programme) | ५००००० |
| ८ | नगरक्षेत्रका बजार तथा योजना अनुगमनका लागि विभिन्न तालिम तथा अवलोकन भ्रमण | २०००००० |
| ९ | महिला स्वंयसेविका क्षमता विकास कार्यक्रम | १०००००० |
| १० | नगरस्तरीय मातृभाषा प्रशिक्षण (लिपि) कार्यक्रम | १०००००० |
| ११ | नगरस्तरीय (भेषभुषा तथा सँस्कृति) सङ्ग्रहालय निर्माण | २५००००० |
| १२ | दलित र अपाङ्गमैत्री कार्यक्रम | २५००००० |
| | **जम्मा** | २५०००००० |

**जम्मा २ करोड ५० लाख मात्र ।**

**ग) न्यायिक समिति सम्बन्धी बजेट, योजना तथा कार्यक्रम**

| क्र.सं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|
| १ | न्यायिक इजलास निर्माण तथा व्यवस्थापन | ७००००० |
| २ | आधारभुत मेलमिलापकर्ता एवं मध्यस्थकता तालिम कार्यक्रम | ५००००० |
| ३ | न्यायिक समितिका पदाधिकारी तथा सदस्य र सम्बन्धित कर्मचारीहरुलाई अभिमुकिरण कार्यक्रम | ५००००० |
| ४ | जनतासँग न्यायिक समिति अर्न्तक्रिया कार्यक्रम | ५००००० |
| ५ | न्यायिक समिति (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि लगायत अन्य व्यवस्थापन | ३००००० |
| | **जम्मा** | २५००००० |

**जम्मा रकम रू.२५ लाख मात्र ।**

**घ) वडास्तरीय बजेट, योजना तथा कार्यक्रम**

सम्पूर्ण वडाहरूमा प्रति वडा रू.६० लाखका दरले विनियोजन गरिएको छ ।

**जम्मा रू.८ करोड ४० लाख मात्र ।**

**ङ) कार्यपालिका प्रति सदस्यहरूबाट रू.२ लाखका दरले सिफारिस भई आउने योजना तथा कार्यक्रम**

**कूल बजेट रू.१६ लाख मात्र ।**

**च) वन तथा वातावरण**

**कूल बजेट रू.५० लाख मात्र ।**

**छ) न्यून वित्त**

माथि प्रस्तुत गरिएको कूल बजेटको न्यून वित्त आर्थिक वर्षको अ.ल्या.मौज्दात तथा राजश्व बृद्धि गराई वा केन्द्र तथा प्रदेश सरकारबाट माग गरी पूर्ति गरिनेछ ।

**अन्त्यमा,**

यस ऐतिहासिक अवसरमा हाम्रो निमान्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू विशेष अतिथिज्यूहरू, अतिथिगण, उपप्रमुखज्यू, नगरसभा सदस्यज्यूहरू, नगरपालिका तथा विषयगत शाखाका कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू एवं सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

गजेन्द्र महर्जन

**नगरप्रमुख**